# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०२ मई २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज केरलको तिरुवनन्तपुरमस्थित देशकै पहिलो अर्ध स्वचालित विझिन्जम अन्तर्राष्ट्रिय बन्दरगाहको उद्घाटन गर्नुभयो।
२. पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्डले माध्यमिक परीक्षाको परिणाम आज घोसना गरेको छ।
३. १० वर्षको लामो प्रतिक्षापछि पानीघट्टा चिया बगान आजदेखि सञ्चालनमा आएको छ
४. आबकारी बिभागले छापामारी अभियान चलाएर  हिज बेलुकी दार्जिलिंग र खर्सांगको भिन्न भिन्नै स्थानबाट लाखौं रुपियाको मादक प्रदाथ जप्त गरेको छ
५. जीटीए स्वास्थ्य विभागको आयोजनामा खरसाङ स्थित पुष्पा रानी उच्चतर माध्यमिक विद्यालय अनि तीनधारे माध्यमिक विद्यालयमा स्वास्थ्य जाँच शिविरको  आयोजना गरियो।

### प्रधानमंत्री केरल

प्रधानमन्त्री नरेन्द्र मोदीले आज केरलको तिरुवनन्तपुरमस्थित देशकै पहिलो अर्ध स्वचालित विझिन्जम अन्तर्राष्ट्रिय बन्दरगाहको उद्घाटन गर्नुभयो। यो भारतको पहिलो सेमी अटोमेटेड बन्दरगाह हो। यस अवसरमा बोल्दै प्रधानमन्त्री मोदीले भन्नुभयो यो भारतको समुद्री पूर्वाधारको विकासको दिशामा एक महत्वपूर्ण कदम हो यसले बन्दरगाह आधुनिकताको साथ विकासको एक महत्वपूर्ण सूचक रहेको र यसले केरला र देशलाई धेरै तरिकाले फाइदा पुर्याउँनेछ। यसका साथै श्री मोदीले 'यसले धेरै हदसम्म आर्थिक स्थिरता पनि ल्याउनेछ उल्लेख गर्नुभयो ।सो अवसरमा प्रधानमन्त्री मोदीले बन्दरगाहको सञ्चालन भवनको अवलोकन गर्नुका साथै नियन्त्रण प्रणालीको निरीक्षण गर्नुभएको थियो ।कार्यक्रममा बोल्दै केरलाका मुख्यमन्त्री पिनाराई विजयनले विरिंग्याम बन्दरगाहले तेस्रो सहस्राब्दीको विकासको सम्भावनाका लागि ढोका खोलेको बताउनु भयो । कार्यक्रममा केरलाका राज्यपाल राजेन्द्र विश्वनाथ आर्लेकर, केन्द्रीय राज्यमन्त्रीहरू सुरेश गोपी, जर्ज कुरियन, राज्यका मन्त्रीहरू, सांसदहरू, विधायकहरू र अन्य व्यक्तिहरू उपस्थित थिए।

### माध्यमिक

पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्ड-2025 को परीक्षाको फलाफलआज जारी गरियो। यस वर्ष 86.56 प्रतिशत विद्यार्थीहरू उतीर्ण भएका छन्। रायगञ्ज कोरोनेशन हाई स्कूलका छात्र अदृत सरकारले राज्यमा पहिलो स्थान हासिल गरेर नयाँ इतिहास रचे। यसैगरी मालदा अनि बाँकुड़ाका दुईजना विद्यार्थीहरूले संयुक्त रूपमा दोस्रो स्थान हासिल गरेका छन्। मालदाका अनुभव विश्वास र बाँकुड़ाकी सौम्य पालले 700-मा 694 अंक हासिल गरी सफलताको नयाँ उदाहरण पेश गरेका छन्।

बाइट

### थाबी मुखर्जी

आज घोषणा गरिएको माध्यमिक परीक्षाको नतिजाले हजारौं सफल विद्यार्थीको परिवारमा खुशी ल्यायो भने छोरीको उत्कृष्ट नतिजा आए पनि एक परिवार शोकमा डुबेको छ ।यस्तै एक परिवार हो पश्चिम बर्दवान जिल्लाको आसनसोलस्थित उमारानी–गोराई स्कुलमा अध्ययनरत स्वर्गीय थाबी मुखर्जीको परिवार किनभने माध्यमिक परीक्षामा ६७४ अंक ल्याएर मेधा सूचीमा स्थान बनाएकी थाबी मुखर्जी अब यस संसारमा छैनन् । पश्चिम बर्दवान जिल्लाको आसनसोलस्थित उमारानी–गोराई स्कुलमा अध्ययनरत थाबी मुखर्जीलाई गत अप्रिलमा जन्डिस भएको पत्ता लागेको थियो । थाबीको असामयिक मृत्युको १७ दिनपछि आएको यो परिणामले उनको परिवार शोकमा डुबेको हो ।

**भीषण आगलागी**

कोलकाता साल्ट लेकको सेक्टर–५ मा रहेको एक केमिकल फ्याक्ट्रीको गोदाममा आज भीषण आगलागी भएको घटना प्रकासमा छ । आगलागी भएको खबर पाउनासाथ दमकलले घटनास्थलमा १२ वटा दमकल पठाएको थियो । आगोको ज्वाला यति तीव्र थियो कि टाढा-टाढाबाट आकाशमा कालो धुवाँको मुस्लो उठिरहेको देखिन्थ्यो, जसले गर्दा त्यस क्षेत्रमा आतंक मच्चिएको थियो। दमकलका अधिकारीहरुले आगो निकै भीषण रहेको र त्यसलाई नियन्त्रण गर्ने प्रयास गरिएको बताएका छन ।

**आबकारी**

गोप्य सूचनाको आधारमा दार्जीलिङ आबकारी बिभागले छापामारी अभियान चलाएर  हिज बेलुकी सिक्किम नम्बरको गाडी बाट सोम चियाबगान नजिकमा  लगभग 15 लाख रुपैयाँ बराबरको मादक प्रदाथ सहित पक्राउ गरिएको जानकारी बिभागको अधिकारिले गराएका छन।  उक्त छापामारी अभियानमा गाडी चालक भागेको थाहा लागेको छ । यसरी नै एक अर्को घटनामा हिजै खर्साङ नजिक बाट पनि 13 लाख मुल्य बराबरको मादक प्रदाथ पक्राउ गरिएको विभागीय अधिकारीले जानकारी गराएका छन् । उक्त पक्राउ गरिएको मादक प्रदाथहरुको बिषयमा थप छानबिन  गरिने समेत  बताईएको  छ ।

**पानीघट्टा**

१० वर्षको लामो प्रतिक्षापछि पानीघट्टा चिया बगान आजदेखि सञ्चालनमा आएको छ भने चिया बगान खुल्दा श्रमिकहरुमा खुशीको वातावरण छाएको छ । सिलिगुडीबाट करिब ३२ किलोमिटर टाढा मिरिक ब्लकको फेदीमा पानीघट्टा चिया बगान अवस्थित छ र यो एक हजार एकडमा फैलिएको छ। २०१५ मा पानीघट्टा चिया बगान मजदुर र मालिकको अशान्तिका कारण बन्द भएको थियो । फलस्वरूप, त्यहाँ कार्यरत ५०० कामदारहरू बेरोजगार भएका थिए। कम्पनीका प्रतिनिधिहरू र प्रमुख ट्रेड युनियनहरूले २९अप्रिलमा सिलिगुडीको श्रमिक भवनमा बागानको  अधिग्रहणसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेका थिए। त्यसपछि आजैदेखि पानीघट्टा चिया बगान खुलेको छ । चिया बगान खुलेपछि चिया श्रमिकहरुमा खुशीको लहर छाएको छ।

**NIOS**

नेपाली गर्ल्स सोशियल सर्भिस सेन्टर, डायोसिस सेन्टर गान्धी रोड, दार्जीलिङ र राष्ट्रिय मुक्ति विद्यालय शिक्षा संस्थान (NIOS) का प्रतिनिधिहरूको टोलीले दार्जीलिङ लोकसभा क्षेत्रका सांसद राजु बिष्टलाई भेटी नेपाली विषयलाई उच्चतर माध्यमिक पाठ्यक्रममा समावेश गर्न माग गर्दै ज्ञापनपत्र बुझाएका छन्। प्रतिनिधि टोलीले राष्ट्रिय मुक्ति विद्यालय (NIOS) मा नेपाली विषय नहुँदा यस क्षेत्रका विद्यार्थीहरूले भोग्नुपरेको शिक्षात्मक समस्या र अन्योलताबारे सांसद बिष्टलाई स्पष्ट रूपमा जानकारी गराएको थियो। भेटघाटका क्रममा सांसद बिष्टले विषयको गम्भीरता बुझ्दै सकारात्मक चासो व्यक्त गरेका छन् र यस विषयमा सम्बन्धित निकायसँग समन्वय गरेर आवश्यक पहल गरिने प्रतिबद्धता व्यक्त गरेका छन्।सांसदलाई भेट्ने टोलीमा संस्थाका कोअर्डिनेटर सुमन खालिङ, उर्मिला रुम्बा, ज्योतिदान गुरुङ, बिमल खालिङ र पुरण राई सहभागी थिए। भेटपछि सुमन खालिङले प्रेस विज्ञप्तिमार्फत यो जानकारी दिएका हुन्। दार्जीलिङ जस्तो नेपाली भाषी बाहुल्य क्षेत्रका विद्यार्थीहरूलाई उनीहरूको मातृभाषामा पढ्ने अवसर सुनिश्चित गराउनका लागि यो पहल एक महत्वपूर्ण कदमको रूपमा हेरिएको छ।

**स्वस्थ शिविर**

पहाडको विभिन्न विद्यालयहरूमा स्वास्थ्य सुरक्षा अनि सेवा पुर्याउने अभियानमा आज जीटीए स्वास्थ्य विभागको तत्वावधानमा खरसाङ स्थित पुष्पा रानी उच्चतर माध्यमिक विद्यालय अनि तीनधारे माध्यमिक विद्यालयमा स्वास्थ्य जाँच शिविर आयोजना गरियो। पुष्पा रानी उच्चतर माध्यमिक विद्यालयमा आज लगाइएको स्वास्थ्य शिविरमा नानीहरूको साधारण जाँच देखि एनेमियाको जाँच पनि गरियो भने 60 जना नानीहरूको हेमोग्लोबिन परीक्षण गरियो। आजको शिविर खरसाङ अस्पातलका डाक्टरहरु, नर्सहरू, खरसाङ नगरपालिकाका आशा कर्मीहरु द्वारा सञ्चालन गरिएको थियो। त्यसरी नै तीनधारे उच्चतर माध्यमिक पाठशालामा पनि तीनधारे प्राथमिक स्वास्थ्य केन्द्रका कर्मचारीहरुले जाँच शिविर आयोजना गरेका थिए।

**सप्तरंगी**

सप्तरंगी समूह दार्जीलिङ बाट प्रकाशित एवं कमल रेग्मीद्वारा सम्पादित शरण प्रधान अनि अरुणा लामा अभिनन्दन ग्रन्थ 'अरुणिमा' को लोकार्पण कार्यक्रम आगामी 4 मई आइतबारको दिन दार्जीलिङ स्थित गोर्खा रंगमञ्च, मानु भवनमा हुने जानकारी सप्तरंगी समूह, कार्जीलिङ आयोजक समितिले दिएको छ ।नेपाली गीत-संगीतको इतिहासमा विशिष्ट गायक-गायिका, गीतकार तथा संगीतकारहरूका महत्वपूर्ण योगदानलाई लिपिबद्ध गरी पुस्ताआकार दिनु पर्ने आवश्यकता अनुभव गरी एउटा महत्वपूर्ण पहल अधि बढ़ाई सप्तरंगी समूह दार्जीलिङले प्रथम पल्ट एउटा, पुस्तक "अरुणिमा" ग्रन्थ तयार गरी लोकार्पण को संघारमा आइपुगेको छ । उक्त ग्रन्थमा नेपाल अनि भारतका विभिन्न क्षेत्रहरूका नामुद लेखकहरूको रचनाहरू समावेश रहेको छ ।

****** ० ******